कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

वर्ष: २५ | अंक: ३०९ | वि.सं. २०८२ | फागुन | १७ | आइतवार | नेपाल संवत्: ११४५, | फाल्गुण शुक्लपक्ष त्रयोदशी | Sunday | 1 | March | 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# नैतिकरुपमा मौन पूर्णबहादुरले टेलिफोनबाट दिइरहेका छन् कांग्रेस जिताउने सिंगल



◣ओम शाही
**सुर्खेत, १६ फागुन ।**

नेपाली कांग्रेस कर्णाली प्रदेश समितिले बिहिबार सुर्खेतमा आसन्न २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरेर चुनावीसभा आयोजना गऱ्यो । उक्त सभालाई कांग्रेस सभापति गगन थापाले सम्बोधन गरे ।

कांग्रेसका उम्मेदवारलाई जिताउन आयोजित उक्त चुनावीसभाको मञ्चमा कर्णालीका कांग्रेसीहरुले तत्कालिन कार्यवहाक सभापति पूर्णबहादुर खड्कालाई भने देख्न पाएनन् । कारण थियो, २३-२४ भदौको जेन-जी आन्दोलन । नेतृत्व हस्तान्तरणको विषय पेचिलो बनेपछि विशेष महाधिवेशनबाट सभापति चयन भएका थापासँगै खड्का पनि गृह प्रदेशमा आयोजित कार्यक्रममा आउने अपेक्षा आमकार्यकर्ताको थियो ।

उनीहरु चाहन्थे, थापाको मुखबाट खड्काको नाम आओस्, उनले पार्टी र सुर्खेतको विकासमा पुऱ्याएको योगदानको चर्चा होस् । किन भने कर्णालीका अधिकांश जिल्ला र प्रदेश समिति खड्काकै पक्षमा छन् । सल्यान बाहेक अन्य नौ जिल्लाका सभापतिहरुले विशेष महाधिवेशनको विपक्षमा उभिएर खड्कालाई सघाउन विज्ञप्ती बाजी गर्दै तत्कालिन महामन्त्री गगन थापाको विशेष महाधिवेशनलाई काण्टर दिएका थिए ।

तर थापाले सम्बोधनका कुनै पनि अंशमा खड्काको नामसम्म नलिएपछि उनको लाइनमा चल्ने नेता तथा कार्यकर्तालाई निराश बनाएको चर्चा छ । थापाले कांग्रेस एक ढिक्का भएर आएको उद्घोष गरेको सम्बोधनमा खड्काको नामै नलिइनुलाई विषेश महाधिवेशनसँगै जोडिएको आशका उनीहरुमा छ ।

मतदानको समय नजिक आउँदै गर्दा राजनीतिक दलहरुले आफ्ना चुनावी गतिविधिलाई निर्णायक तहमा पुऱ्याउन रणनीति बुनिरहेका छन् । घरदैलो र चुनावीसभामा मतदाताबाट पाएको सुभेच्छालाई मतपेटिकासम्म पुऱ्याउन दल तथा उम्मेदवारहरुले विकास तथा सुशासनका एजेण्डा बाँडिरहेका छन् । यो दिन केही दिन निरन्तर चल्नेछ ।

अन्य दलका शिर्ष नेताहरु पार्टीका उम्मेदवारलाई जिताउन रणनीतिकरुपमा मुभ भइरहदा कांग्रेसका तत्कालिन कार्यबहाक सभापति खड्का भने यति बेला मौन छन् । कांग्रेसमा चर्किएको नेतृत्व हस्तान्तरणको किचलोमा फसेका खड्का नैतिकरुपमा अघोषित चुनाव बहिस्कारमा देखिन्छन् । खड्का मौन बसेपछि उनको गृह प्रदेश कर्णालीको कांग्रेस राजनीति नयाँ दिशाबाट अघि बढिरहेको बताइन्छ ।

१४ औं महाधिवेशनबाट कर्णालीको कांग्रेस राजनीति आफ्नो पक्षमा पारेका खड्का पहिलो पटक चुनावी मैदान बाहिर रहदाको परिणाम आगामी निर्वाचनमा कस्तो आउला भन्ने विषयले सर्वत्र चासो बढाएको छ । जेन-जी आन्दोलनपछि कांग्रेसभित्र चुलिएको विवादलाई तत्कालिन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विषेश महाधिवेशनसम्म पुऱ्याए ।

उक्त महाधिवेशनबाट सभापति शेरबहादुर नेतृत्वको केन्द्रीय समिति भङ्ग भएर गगन थापा सभापति चयन भए । विशेष महाधिवेशनबाट देउवा नेतृत्वको केन्द्रीय समिति अपमानजनक बाहिरिन परेपछि चुप बसेका शिर्ष नेताहरुले चुनावपछि गरिने कानुनी र राजनीतिक लडाईंको रणनीति बनाइरहेको बताइन्छ ।

२०४८ देखि सुरु भएको खड्काको संसदीय यात्रा २०६४ को पहिलो संविधानसभा निर्वाचनबाहेक निरन्तर प्रत्यक्ष निर्वाचनमार्फत अघि बढ्यो । सातवटा निर्वाचनमध्ये २०७४ मा मात्रै उनले पराजयको स्वाद चाख्नुपऱ्यो । वाम गठबन्धनका तर्फबाट उम्मेदवार बनेका नेकपा (एमाले) नेता ध्रुवकुमार शाहीसँग उनी पराजित भए । तर २०७९ मा पुनरागमन गर्दै खड्काले त्यो हार उल्ट्याए, र आफ्नो राजनीतिक पकड अझ मजबुत बनाए ।

यस पटक पनि तल्ला तहका कमिटीहरूले केन्द्रमा पूर्णबहादुर खड्काको नाम एकल रूपमा सिफारिस गरेका थिए । आठौँ पटक उम्मेदवार बन्ने उनको बाटो लगभग निश्चित देखिन्थ्यो । महामन्त्रीद्वय थापा र शर्मा समूहले नेतृत्व गरेको २७-२९ पुसमा काठमाडौंमा सम्पन्न विशेष महाधिवेशनलाई निर्वाचन आयोगले वैधानिकता दिएपछि खड्का धर्म संकटमा परे ।

जेन-जी आन्दोलनपछिको असहज परिस्थितिमा देउवाले खड्कालाई पार्टीको कार्यवाहक सभापतिको जिम्मेवारी दिएका थिए । विशेष महाधिवेशन नभएको भए खड्का केवल उम्मेदवार मात्र होइन, सम्भावित प्रधानमन्त्रीको दाबेदारको सम्मुखमा थिए ।

पार्टीभित्र केन्द्रीय सदस्यदेखि महामन्त्री, उपसभापति हुँदै कार्यवाहक सभापतिसम्मको यात्रा तय गरिसकेका खड्कासँग उपप्रधानमन्त्रीसहित गृह, रक्षा तथा सूचना तथा सञ्चार जस्ता महत्वपूर्ण मन्त्रालयको नेतृत्व गरेको अनुभव छ । तर निर्वाचन आयोगले विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वको कार्यसमितिलाई मान्यता दिएपछि टिकट वितरणको अधिकार पनि देउवाबाट गगनको हातमा पुग्यो ।

उक्त निर्णयविरुद्ध कार्यवाहक सभापतिका हैसियले खड्काले सर्वोच्च अदालतमा रिट दायर गरे । नेतृत्व रुपान्तरणको मुद्दा उठाएका महामन्त्रीद्वयलाई कमजोर ठानेर खड्काले निर्णायक भुमिका खेल्न सकेनन् । जसको साइड इफेक्ट झण्डै पाँच दशक बेदाग राजनीतिक प्रतिष्ठा बनाएका खड्का नैतिक हिसावले चुनावको रिङ्ग बाहिर छन् ।

खड्का मौन रहेपनि उनको निर्वाचन क्षेत्रमा उनका सहोदर भाई विष्णुबहादुर खड्का उम्मेदवार रहेकाले विशेष महाधिवेशनको असर झट्ट हेर्दा देखिएको छैन । सुर्खेत-१ मा खड्काका भाइ र २ मा शेखर कोइराला समूहका नेता हृदयराम थानीका विश्वास पात्र नारायण कोइराला उम्मेदवार रहेकाले

▶▶ बाँकी २ पेजमा

## कञ्चनपुरमा ‘ड्रोन’ प्रयोगमा रोक



◣युग संवाददाता
**कञ्चनपुर, १६ फागुन ।**

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जिल्लामा ड्रोन प्रयोगमा रोक लगाइएको छ । सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीका अनुसार कुनै व्यक्ति वा निकायले अनुमति लिई सञ्चालनमा रहेका ड्रोन यही फागुन १८ गतेदेखि निर्वाचन प्रक्रिया सम्पन्न नहुँदासम्म प्रयोग गर्न नपाइने भएको छ ।

नियम विपरित ड्रोन उडाएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने उनले उल्लेख गरे । निर्वाचन हुनुभन्दा तीन दिन अगाडिदेखि निर्वाचन सम्पन्न नहुदासम्म ड्रोनको प्रयोगमा पूर्णरूपमा रोक लगाइएको उनको भनाइ रहेको छ ।

त्यसैगरी, जिल्ला सुरक्षा समितिको निर्णयअनुसार निर्वाचन अवधिभर कञ्चनपुरमा मदिरा बिक्री, वितरण तथा सेवनमा पूर्णप्रतिबन्ध लगाइएको छ । प्रतिबन्ध उल्लङ्घन गरेमा कानुनअनुसार कारबाही हुने प्रशासनले जनाएको छ ।

निर्वाचनका क्रममा शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्ने उद्देश्यले निर्णय गरिएको जनाउँदै जिल्ला प्रशासन कार्यालयले होटल व्यवसायी, राजनीतिक दल, नागरिक समाज र सर्वसाधारणलाई सहयोग गर्न आग्रह गरेको छ ।

## जिल्ला प्रशासनद्वारा मदिरा बिक्री वितरणमा रोक

◣युग संवाददाता
**हुम्ला, १६ फागुन ।**

जिल्ला प्रशासन कार्यालय हुम्लाले शुक्रबारदेखि लागु हुनेगरी जिल्लाभर पूर्णरूपमा मदिरा बिक्री वितरणमा रोक लगाएको छ । आसन्न फागु २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउने उद्देश्यले मदिराजन्य पदार्थ बिक्री वितरणका साथै सेवनमा रोक लगाएको सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्र कुमार चन्दले बताए ।

शुक्रबार जिल्ला प्रशासन कार्यालयद्वारा जारी सूचनामा निर्वाचन सम्पन्न भई मत परिणाम घोषणा नभएसम्म जिल्लाभर बिक्री वितरणका साथै सेवन गर्न नपाइने जारी विज्ञप्तीमा उल्लेखीत गरिएको छ । आसन्न निर्वाचनलाई शान्त र व्यवस्थित बनाउन यस्तो निर्णय गरिएको प्रशासनले जनाएको छ । प्रशासनको यो कार्यलाई अवज्ञा गरी मदिरा बिक्री वितरण वा सेवन गरेको पाइएमा प्रचलित कानुन बमोजीम कारबाही गरिने भएको सहायक प्रमुख जिल्ला अधिकारी चन्दले बताए ।

## कोहलपुरमा अव्यवस्थित केवल तार हटाउन १५ दिने अल्टिमेटम

◣युग संवाददाता
**बाँके, १६ फागुन ।**

बाँकेको कोहलपुर नगरपालिकाले नगर क्षेत्रभित्र रहेका प्रयोगविहीन तथा अव्यवस्थित केवल तारहरू १५ दिनभित्र हटाउन सार्वजनिक सूचनामार्फत अल्टिमेटम दिएको छ । नगर क्षेत्रमा जडान भई अव्यवस्थित रूपमा झुन्डिएका केवल तारका कारण सहरी सौन्दर्यीकरणमा कुरुपता देखिनुका साथै आगलागी र सवारी दुर्घटनाका घटनासमेत हुने गरेकाले हटाउन निर्देशन दिइएको हो ।

कोहलपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर गिरीले १५ दिनभित्र तार हटाउन सार्वजनिक सूचना जारी गरिएको जानकारी दिए । उनले नगरपालिकाले केवल तारसँग सम्बन्धित संस्थाहरूलाई १५ दिने सूचना जारी गरी व्यवस्थापनका लागि निर्देशन दिएको बताए ।

प्रमुख प्रशासकीय अधिकृत गिरीका अनुसार अव्यवस्थित रूपमा झुन्डिएका केवल तारका कारण नगरको सुन्दरतामा ह्रास आएको र जताततै लतारिएका तारले दुर्घटना निम्त्याउन सक्ने भएकाले तत्काल हटाउने निर्णय गरिएको हो । सो समस्याको व्यवस्थापनका लागि सरोकारवाला पक्षहरूको बैठकले तत्काल तार हटाउन लगाउने निष्कर्ष निकालेको थियो ।

बैठकको निर्णयअनुसार नगर क्षेत्रभित्र विभिन्न केवल टेलिभिजन तथा दूरसञ्चार सेवा प्रदायक संस्थाहरूले जडान गरेका र हाल प्रयोगविहीन अवस्थामा रहेका सबै अव्यवस्थित तार सम्बन्धित निकायले चैत १ गतेभित्र आफैं

▶▶ बाँकी ४ पेजमा

**सडक प्रयोग गर्दा ध्यान दिऔं ।**

- सडक सीमा अतिक्रमण नगरौं ।
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं ।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं ।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं ।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं ।
- सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं ।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं ।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं ।

**यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खवर गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# डिजिटल साक्षरताको कमी !

आसन्न २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचन आउन अब केही दिन मात्र बाँकी छन् । निर्वाचनको मिति नजिकिएसँगै प्रहरीले सामाजिक सञ्जालमाथीको निगरानी बढाएको छ । निर्वाचनका समयमा विद्युतिय माध्ययम प्रयोग गरी प्रतिनिधिसभा सदस्यका उम्मेदवार, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता र मतदातामाथी निर्वाचन आचारसंहिताविपरित हुनसक्ने साइबर हमला रोक्न प्रहरीले सामाजिक सञ्जालमाथीको निगरानी बढाएको हो । जसका लागि १० वटै जिल्लाका जिल्ला प्रहरी कार्यालयमा साइबर सुरक्षा सम्बन्धि तालिमप्राप्त जनशक्ति व्यवस्थापन गरी छुट्टै साइबर डेक्स बनाइएको छ । उक्त डेक्समा नेपाल टेलिकमका दुई र प्रहरीका पाँच जना साइबर सुरक्षा सम्बन्धि तालिमप्राप्त अधिकृतलाई २४ सैं घण्टा निगरानीमा खटाइएको छ । निर्वाचन डेक्समा खटिने टेलिकमका प्राविधिकहरुले प्रहरीलाई सामाजिक सञ्जाल प्रयोगकर्ताको लोकेशन लगायतका विवरण उपलब्ध गराउन सघाउने छन् । उनका अनुसार प्रहरीको साइबर सेलमा हालसम्म सुर्खेतबाहेक अन्य जिल्लामा उजुरी परेका छैनन् । कम्प्युटर र त्यससँग सम्बन्धित उपकरणलाई माध्यम बनाएर कानुनले निषेध गरेका क्रियाकलाप गर्ने कार्यलाई साइबर अपराध भनिन्छ ।

नेपालको मुलुकी अपराध (संहिता) ऐन, २०७४ तथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ का विभिन्न दफामा समेत अरूलाई हानि–नोक्सानी गरेको पाइएमा विभिन्न प्रकारका सजाय हुने कानुनी व्यवस्था छ । सामान्य अवस्थामा अनुमति नलिई कसैको तस्बिर खिच्नु, सामाजिक सञ्जालमा फोटो राख्नु, गाली वा बेइज्जती हुने गरी अर्काको प्रतिष्ठामा आँच पुग्ने गरी गरिने कुनै पनि कार्यलाई कानुनले अपराध मानेको अवस्था छ । ऐनको दफा ४४ देखि दफा ५८ सम्म विभिन्न प्रकारका कसुरको उल्लेख गरी सो प्रमाणित भएमा कानुनअनुसार ५० हजारदेखि पाँच लाखसम्म जरिवाना तथा ६ महिनादेखि पाँच वर्षसम्मका जेल सजाय कसुर अपराधको मात्रा हेरी अदालतले तोक्न सक्ने कानुनी प्रावधान छ । यस्तै, निर्वाचन आयोगले ४ माघमा जारी गरेको निर्वाचन आचारसंसिहता–२०८२ मा सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेटस्पीच)जस्ता टिप्पणी गर्न वा गराउन नहुने भनेको छ ।

आचारसंहितामा कसैको चरित्रहत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानि गर्न वा यस्तै प्रकृतिका सामग्री उत्पादन, प्रकाशन वा प्रसारण गर्न नहुने उल्लेख गरिएको छ । आयोगले जारी गरेको निर्वाचन आचारसंहितामा महिला उम्मेदवारलाई अश्लील वा घृणित टिप्पणी गुर्न आचारसंहिताविपरीत हुन्छ । आफूलाई निर्वाचन आचारसंहिताविपरीतको व्यवहार भए निर्वाचन आयोगमा लिखित, मौखिक, सामाजिक सञ्जाल वा विद्युतीय माध्यमहरू प्रयोग गर्न सकिन्छ । आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय वा अनुगमन टोलीसमक्ष उजुरी दिन सकिने व्यवस्था छ । यसरी आएका उजुरीमा आचारसंहिता उल्लंघन भएको ठहर भए एक लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ । विद्युतिय माध्ययमबाट हुने अपराधमा निर्मम कानुनी कारवाही हुने प्रावधान रहेपनि डिजिटल साक्षरताको अभावले साइबर अपराध दिनानुदिन बढ्दै गएको देखिन्छ । यो आफैमा खतराको संकेत हो । यसर्थ, विद्युतिय माध्ययमबाट हुने अपराध रोक्न कानुनी कडाईँसँगै सचेतनाको पाटो पनिसँगै लैजानतर्फ सरकारले ध्यान दिन जरुरी छ । कानुनको प्रभावकारी कार्यान्वयन र डिजिटल साक्षरता बिना साइबर अपराध नियन्त्रण गर्न कदापी सकिदैन । अर्को महत्वपूर्ण विषय सामाजिक सञ्जाल प्रयोगकर्ता पनि अनुशासित हुन जरुरी छ । सामाजिक सञ्जालमा अर्काको नकरात्मक टिप्पणी गर्दै बस्नुभन्दा प्रविधिको उच्चतम प्रयोग गरी आफुलाई आत्मनिर्भरतातर्फ उन्मुख गराउँन सिकौं ।

# सपनाका व्यापारी



✍ उमालाल आचार्य

झुट बेइमानी कमिसन भ्रष्टाचार र परिवारवादमा तत्कालीन माओवादी पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड अचाक्ली गनाउन थालेपछि बाहिर मात्र होइन पार्टीभित्र पनि व्यापक विरोध र आलोचना बढ्न थाल्यो । प्रचण्डको जालझेल र धुर्त्याइँ खेप्न नसकी माओवादीका उपल्ला तहबाट मोहन वैद्य, बाबुराम भट्टराई, नेत्रबहादुर चन्द, रामबहादुर थापा चन्द्रप्रकाश गजुरेल लगायतका नेताहरु पहिल्यै लाखापाखा भए । परिवारवाद नै प्रचण्डको केन्द्रमा छ, एउटा भन्ने अर्को गर्ने उनको सातिर चाल हो । कुनै हालतमा ऊनीसँग नसक्ने भए पछि अन्तमा पार्टी नै परित्याग गर्नु परेको अन्तर्वार्ता मार्फत दुखेसो पोखीरहेका थिए पछिल्लो पटक माओवादी पार्टी त्यागेका नेता गणेश शाह । तत्कालीन माओवादीका नेता जनार्दन शर्माले अन्तिमसम्म पनि पार्टी नेतृत्व छोड्नु नै पर्ने अडान लिएपछि भने प्रचण्डलाई अप्ठ्यारो पर्दै आएको थियो । उनी कुनै हालतमा नेतृत्व छोड्न चाँहदैनथे तर त्यहाँ छोड्नै पर्ने बाध्यकारी अवस्था सिर्जना हुन थालेपछि उनले माओवादी पार्टी नै ध्वस्त पारेर अर्को पार्टी खोल्ने सुरसार गरिहाले, ताकी नेतृत्व छोड्न नपरोस् । त्यसैको परिणाम हो नेपाली कम्युनिस्ट पार्टी ।

पहिलो पार्टी बन्नबाट कसैले रोक्न सक्दैन भन्ने अभिव्यक्ति चुनावी रणनीति बाहेक अरु केही थिएन । पार्टी भोली यदि पहिलो बन्न सकेन भने पनि झुट बोलेर जनतालाई भ्रमित बनाए बमोजिम प्रचण्डले त्यसको कतै सफाई दिनु पर्दैन । बरु जनमानसलाई रनभुल्ल पार्न अर्को भ्रमको खोजी गर्न थालिसकेका हुनेछन् । जनतालाई नझुक्याएसम्म चुनाव जित्न गाह्रो छ भन्ने कुरा उनले प्रष्ट बुझेका छन । यदि यसो होइन भने दस वर्षमा हामी यो देशलाई सिंगापुरको दाँजोमा लैजान्छौं भनेर जनतामा उनले बाचा गरेको अहिले कति वर्ष भयो होला ? सत्यताकै जस्तो भ्रम दिएर झुठो बोल्न उनलाई सायद कसैले सक्दैन । काँग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री रहँदा एमसीसी परियोजनालाई देउवा र प्रचण्डले सहि गरेर पत्र लेखेको खबर बाहिरियो । देउवाले स्वीकार गरे तर प्रचण्डले हुँदै होइन भनेर जित्न खोजे । अन्ततः दुबैजना ले सहि गरेको पत्र कोही दूतावासबाट सार्वजनिक भयो तर उनलाई झुठो बोलेको हिनताबोध भएन र कतै जवाफ पनि दिएनन् ।

संसदबाट एमसीसी पास गरिँदा बाहिर कार्यकर्ता उफार्ने र भित्र सेतो मास्क लगाएर चुपचाप रहने प्रचण्डको दोगोला चरित्र त दुनियाँले देखेकै हो । एक पटक प्रचण्ड जापानको भ्रमणमा रहँदा त्यहाँका पूर्वप्रधानमन्त्री शिन्जो आबेलाई २०७९ असारमा गोली हानी हत्या गरिएको थियो । एक प्रसंगमा उनले स्वर्गीय आबेसँग नेपालमा भेटी वार्तालाप भएको भन्न भ्याए । त्यसको वास्तविकता बुझि हेर्दा आबे नेपाल आउँदै नआएका र उनको भेट वार्ता पनि नभएको भनि खबर मिडियामा आयो । त्यसमा पनि उनको खण्डन अथवा सफाई केही आएन । कसैको पुस्तक लोकार्पण कार्यक्रममा भारतीय नागरिक सरदार प्रितम सिंह आफुलाई प्रधानमन्त्री बनाउनका लागि धेरै पटक दिल्ली धाएको भन्ने ढंगबाट प्रचण्डले अभिव्यक्ति दिंदा त्यसको चौतर्फी विरोध भयो । यसको उचित जवाफ नदिएसम्म संसद चल्न नदिने भनि एमाले पार्टीले चर्को अडान लियो । आफ्नी एउटी छोरी क्यान्सरका कारण ओछ्यान परेकी र प्रितम सिंह परिवारले त्यतिबेला ठूलो गुन लगाएका कारण भावुकतामा पो त्यसो भनेको हुँ भन्ने आशय व्यक्त गर्दै भावुक भए झैं भइदिए । कहाँको प्रसंग कहाँ लगेर मिसाइदिए । तर्कले नपुगे कुतर्क ले पनि आफ्नो स्वार्थसिद्ध गर्न प्रचण्ड पछि पर्दैनन् भन्ने कुरा घटनाक्रमले यसरी पुष्टि गरिरहेको छ ।

प्रचण्डका कुन कुरालाई जनताले कसरी बुझ्ने भन्ने विषयमा चर्चा गर्नु वान्छनीय हुन्छ । एमाले कम्यूनिस्ट पार्टी हो भनी कसैले भ्रम नपाले हुन्छ, उ काँग्रेस भन्दा फरक पार्टी होइन एकैठाउँमा मिसादिए हुन्छ भनि कुनै दिनमा खरो आलोचना गरिरहेका प्रचण्ड उही एमालेसँग पार्टी एकीकरण र चुनाव प्रचार प्रसारका लागि ओलीसँग कुम जोड्दै हिंडे । अत्यन्त गोप्य लिखित सहमतिपछि पनि ओलीले पालो अनुसार प्रधानमन्त्री दिन आनाकानी गरे । प्रचण्ड देउवाको शरणमा पुगेर ऊनी जस्तो प्रजातान्त्रिक दुनियाँमा अरु कोही नभएको भन्ने ढंगले बखान गरे । जबकि विगतका दिनमा काँग्रेसलाई प्रजातान्त्रिक संस्कार नभएको हाम्रो टाउकाको मोल तोक्ने

भन्दै उछितो काढ्ने गर्थे । ओलीसँग सम्बन्ध बिग्रेपछि फेरि काँग्रेससँग गठबन्धन गरेर चुनावमा देउवाको अघिपछि हिंडे । देउवा र ओलीलाई फेर्ने मात्रै होइन पछिल्लोपटक आफ्नै माओवादी पार्टीलाई पनि आगो लगाएर नेपाली कम्युनिस्ट पार्टी गठन गर्न भ्याए । यही पार्टीलाई पहिलो बनाउन उनी खाई नखाई दिन रात दौडिरहेका थिए । बहुरुपी प्रचण्डलाई जनताले अब कसरी विश्वास गर्ने भन्ने प्रश्न खडा भएको छ

समानुपातिक निर्वाचनबाट चुनिने सांसदलाई प्रधानमन्त्री बन्नका लागि संविधानले तगारो हालिदिएको छ । छलछाम धोकाधडी र भ्रमबाट चुनाव जितेर उनलाई प्रधानमन्त्रीको दौडमा फेरि पुग्नु छ, राजनीति धमिल्याउनु छ र बारम्बार अस्थिरता ल्याउनु छ । आश्वासन भ्रम र तिगडमको भरमा फरक फरक क्षेत्रबाट चुनाव जित्ने गरेका प्रचण्डले सोही क्षेत्रबाट अर्को पटक निर्वाचन लड्ने हिम्मत गर्दैनन् । त्यसकारण उनी एउटा सुरक्षित निर्वाचन क्षेत्रको खोजीमा भौंतारिरहेका थिए । प्रचण्डपथ भनेर जति खोके पनि राजनीतिक फाइदा का लागि विगतका दिनमा कहिले काँग्रेसपथमा त कहिले एमालेपथमा हिंडिसकेका प्रचण्डलाई जनताले विश्वास गर्न सक्ने अवस्था छैन । अब फागुन २१ को निर्वाचनमा कहिले कालिकोटबाट त कहिले रुकुम पूर्वबाट उठ्ने भनी बराबर मिडिया ट्रायल गरिरहेका थिए । यो चुनाव नजिते राजनीति सकिने विन्दुमा पुगेकाले उनी तनावमा छन् । उथलपुथलका नाममा आदर्श विचार र नीति पटक पटक काँग्रेस एमालेलाई बुझाइसकेका प्रचण्डले अन्तमा निर्देशक सिद्धान्त माओवादी पार्टीलाई खरानी पारेको हिसाब जनतालाई दुरुस्त देखाउन सक्ने छैनन् । किनकि त्यहाँ नयाँ पार्टी खोल्दा आफु फेरिपनि पार्टी प्रमुख बन्न सकिने अभिष्ट लुकाइएको छ । पूर्वी रुकुमबाट उम्मेद्बारी दिएका प्रचण्डले एकथान सांसद म देशको जुनसुकै ठाउँबाट पनि जित्न सक्छु भन्ने धमास दिएर जग हँसाए ।

रुकुम पूर्वमा प्रचण्ड कहिले ताल न बेता बेढंगले नाचिरहेका छन् कहिले मकै छोडाएको अभिनय गरिरहेका छन, दुःख काटिरहेका छन् र अनेक उल्झन व्यहोरिरहेका छ्न । पार्टीलाई अब पहिलो नम्बरको बनाउने कसम खाएका थिए तर आफ्नो जित निकाल्नका लागि तमाम सजाय भोग्न बाध्य छन् । उनलाई थाहा छ जितेपछि फर्केर आउनुपर्दैन जसरी उनी गोरखामा फर्कि गएनन् । काठमाडौंबाट चितवन गए जस्तो सजिलो छैन पूर्वी रुकुम पुग्न । संधै संधै जहाज चाटर्ड गर्नु पनि सम्भव नहोला । जसरी हिजो सिंहदरबार छिरेपछि उनले रुकुम रोल्पाको नक्सा बिर्सेका थिए यतिखेर पनि चुनाव जितेपछि पूर्वी रुकुम बिर्सन्नन् भन्ने बलियो आधार केही छैन । किनकि सत्ता शक्ति र पदले उनको सिद्धान्त नैतिकता र इमानदारी पूरै स्वाहा पारेको छ । परिवर्तनको सम्वाहक भनिएको थियो माओवादी पार्टीलाई तर प्रचण्डको मुखियालीमा खलल् पर्ने देखिएपछि खरानी पारेको दृष्टान्त सबैका सामु छर्लङ्ग छ । चीनको सिमानासम्म रेल जोड्छु, स्मार्ट सिटि बनाउँछु र विकासको नमूना जिल्ला बनादिन्छु भन्दै जित फुत्काउनका लागि प्रचण्डले अनेक हवाई सपना उधारो बेचिरहेका छन् । हामीले हेरिसकेका छौं बाचा, सपना र आश्वासनले मात्र देश बन्दोरहेन छ । त्यसका लागि ईमान, निष्ठा, विश्वास, विवेक र देश प्रेम पनि चाहिन्छ, जो ठुला पार्टीका पुराना नेतृत्वमा अनिकाल देखिन्छ ।

*(लेखक : वीरेन्द्रनगर-१२, निवासी हुन)*

## नैतिकरुपमा...

महाधिवेशनको असर देखा नपरेको बताइन्छ । किन भने सुर्खेतमा उनै खड्का र थानीका बीच प्रतिष्ठाको लडाईं हुने गरेका छ ।

यी दुई नेताको लडाईंका कारण प्रदेश र स्थानीय तहको निर्वाचन नै प्रभावित हुने गरेको विगतका अभ्यासहरुले देखाउँछन् । आफ्ना भाइलाई जिताउन थानीलाई चिढ्याएर सम्भव नहुने भएपछि खड्का मौन रहेपनि रणनैतिक मुभ भने जारी राखेका छन् । सभापति देउवा नेतृत्वको केन्द्रीय समितिलाई बैधानिकता दिने लडाईंमा होमिएका खड्काले सार्वजनिक रुपमा मुख खोलेका छैनन्, तर कर्णालीमा चुनावमा होमिएको कांग्रेसलाई टेलिफोनमार्फत ढाडस भने दिइरहेको उनी निकटका नेताहरु बताउँछन् ।

यद्यपी खड्काको अभाव भने महशुस भइरहेको उनीहरुको दावी छ । ‘कर्णालीमा कांग्रेस एक ढिक्का भएर चुनावमा होमिएको छ । कांग्रेसप्रतिको आकर्षण पनि यति बेला बढेको देखिन्छ,’ उनी निकट एक नेता भन्छन्, ‘विगतका चुनावमा पूर्ण दाईको कमाण्डमा जुन उत्साह आउथ्यो, अहिले त्यसको अभाव महशुस भने भएको छ ।’ विशेष महाधिवेशनपछि चुनाव नलड्ने निर्णयमा पुगेका खड्काकै कारण कर्णालीमा कांग्रेस पराजित हुने हल्लामा कुनै सत्यता नरहेको बताउँछन् कांग्रेस कर्णाली प्रदेश समितिका प्रवक्ता दमनबहादुर शाही ।

उनी भन्छन्, ‘विशेष महाधिवेशन र चुनाव फरक विषय हुन् । आधिकारिकताको विषयमा फरक मत राखेकै कारण कांग्रेसभित्र असहयोग हुन्छ भन्नु गलत हो । अहिले कांग्रेस एक ढिक्का भएर चुनावमा होमिएको छ । पूर्ण दाईले हामीलाई फोनमार्फत लिड गरिरहनु भएको छ । उहाँकै निर्देशन अनुसार कर्णालीका १० वटै जिल्लामा चुनावी रणनीति कांग्रेसले अपनाइरहेको छ ।’

## विश्व

# फेरि युद्धको सँघारमा इथियोपिया र इरिट्रिया

**योहानेस गेडामु, १६ फागुन ।**

इरिट्रिया र इथियोपिया इतिहासमा लामो समय घनिष्ट थिए । कुनै समय इथियोपियाको हिस्सा रहेको इरिट्रियामा सन् १९६१ देखि स्वतन्त्रताको लागि सशस्त्र संघर्ष सुरु भयो । अन्ततः सन् १९९३ मा स्वतन्त्रता सम्बन्धमा भएको जनमत संग्रहमा बहुमतले छुट्टिने पक्षमा मत दिएपछि इरिट्रिया अलग भयो । तर, स्वतन्त्रतापछि, दुई देशबिचको सम्बन्धम धेरै उतारचढाव देखिए ।

सन् १९९८ देखि २००० बिच दुई देशले विनाशकारी युद्ध लडे । त्यसपछि दुई दशक दुई देश एक–अर्कासँग बोलचालसमेत गरेनन् । इरिट्रियाका राष्ट्रपति इसायास अफवेर्कीले सन् २०१८ मा इथियोपियाका नवनिर्वाचित प्रधानमन्त्री अबी अहमदको शान्तिको प्रस्ताव स्वीकार गरेपछि दुईदेशबिच छलफल सुरु भयो । तर, त्यसको आठ वर्षपछि २०२६ को सुरुबाटै फेरि तिनै देश युद्धको डिलमा आइपुगेका छन् ।

### दुई देशबिचको द्वन्द्वको इतिहास

सन् १९९८ मा इथियोपिया र इरिट्रियाबिच सीमा विवादका कारण घातक युद्ध सुरु भएको थियो । दुई देशबिच एक हजार किलोमिटरभन्दा लामो सीमा क्षेत्र छ । आक्रमण इरिट्रियाले सुरु गरेको थियो । इरिट्रियाको सेनाले इथियोपियाको उत्तरी क्षेत्र टिग्रेको विवादित सहर बाडमेमा आक्रमण गरेपछि यो युद्ध सुरु भएको थियो । दुई वर्ष चलेको युद्ध समकालीन अफ्रिकाको सबैभन्दा घातकमध्ये एक बन्यो, जसमा दसौं हजारले आफ्नो ज्यान गुमाए ।

जुन २००० मा भएको ‘अल्जियर्स सम्झौता’सँगै युद्ध समाप्त गर्दै युद्धविराम सुरु गर्‍यो । सम्झौताले संयुक्त राष्ट्र संघको शान्ति सेनाको तैनाथीलाई अनिवार्य गरेको थियो भने विवादित सीमा क्षेत्रको सीमांकन गर्न सीमा आयोग गठन पनि गरेको थियो । यद्यपि, यति लामो समयसम्म सीमांकन भएको छैन । यही तथ्यले पनि दुईबिचको तनाव पूर्णतः नसल्टिएको देखाउँछ । युद्धविराम हुँदा इथियोपियामा ‘टिग्रे पिपुल्स लिबरेसन फ्रन्ट’ प्रभावशाली रहेको चारदलीय राजनीतिक गठबन्धनले सरकार चलाइरहेको थियो । ‘ इथियोपियन पिपुल्स रिभोलुसनरी डेमोक्रेटिक फ्रन्ट’ नामको यो गठबन्धनले सन् १९९१ देखि २०१८ सम्म लगातार इथियोपियामा शासन गर्‍यो ।

इरिट्रिया अलग भएपछि सत्तामा आएको दल विगतमा दुई देश एक हुँदा ‘टिग्रे पिपुल्स लिबरेसन फ्रन्ट’कै सहयोगी दल थियो । तर, देश अलग भएपछि पहिलेका सहयोगी दल नै प्रतिद्वन्द्वी बनेका थिए । त्यसैले दुईबिचको शत्रुता कहिल्यै हटेन । बरु समय–समयमा तनाव झन् बढ्ने गर्छ । सीमा क्षेत्रको दुवैतर्फ अत्यन्त सैन्यीकृत छ । सिमानामा रहेको ‘नो म्यान्स ल्यान्ड’ले सुरक्षा करिडोरको रूपमा काम गर्छ । सन् २०१८ मा इथियोपियाका प्रधानमन्त्री अबी अहमदको अग्रसरतामा इरिट्रियासँग भएको शान्ति सम्झौताको विश्वभर र क्षेत्रीयस्तरमा धेरैले प्रशंसा गरे । अहमद सन् २०१९ को नोबेल शान्ति पुरस्कारबाट सम्मानित गरिए । खासमा धेरै विश्लेषक यी दुई देशबिच भिन्नताभन्दा समानता बढी भएको औंल्याउँछन् । तर, सम्झौताले राजनीतिक र

▶▶ बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — गलत व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ । काममा आफ्नो श्रम परे पनि प्रतिफलमाथि अरूले राज गर्नेछन् ।

**वृष** — आँटले काम लिँदा राम्रै प्रतिफल प्राप्त हुनेछ । सहयोगीहरूले काममा उत्साह जगाउनेछन् । रोकिएका काम बन्नेछन् भने नयाँ काम प्रारम्भ गर्ने समय छ ।

**मिथुन** — मिहिनेतले मानसम्मान दिलाउनेछ । अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ । बोली र विचारका प्रशंसकहरू बढ्नेछन् ।

**कर्कट** — मिहिनेतीहरूको कामना पूर्ण हुनेछ । लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**सिंह** — अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । आकस्मिक खर्चले तत्काललाई अर्थ अभाव देखापर्न सक्छ । तापनि सहयोग गर्नेहरू प्रशस्तै भेटिनेछन् ।

**कन्या** — आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ ।

**तुला** — विशेष काममा जग बसाउने अवसर छ । मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । पद-प्रतिष्ठा प्राप्त गर्ने बेला छ । धेरैले कामको तारिफ गर्नेछन् ।

**वृश्चिक** — गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ । व्यवसायमा पनि प्रशस्तै लाभ हुनेछ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला ।

**धनु** — परिबन्धले समस्या निम्त्याउन सक्छ । गोपनीयता बाहिरिनाले समस्या पर्नेछ । स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला ।

**मकर** — दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । परिवेश उल्लासमय रहनेछ । व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ ।

**कुम्भ** — काम बन्नाले उत्साह जाग्नेछ । प्रतिस्पर्धामा विजयी भइनेछ । शत्रुहरू किनारा लाग्नेछन् । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।

**मीन** — प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । लगनशीलताले परिस्थितिलाई बदल्नेछ । पछि लाभ हुने काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ ।

# हिमाली दुई जिल्लामा हेलिकप्टरमा पुगे मतपेटिका

**गोल्डेन बुढा**

**जुम्ला, १६ फागुन ।**
हिउँले ढाकिएको हिमाल, अवरुद्ध बाटो र हिँडेरै हप्तौं दिन लाग्ने गाउँ गाउँ बीच पनि लोकतन्त्र रोकिने छैन। कर्णालीका अति दुर्गम हिमाली जिल्लाका केही बस्तीलाई लक्षित गरि फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी अघि बढाइएको छ ।

भौगोलिक विकटता, मौसमको प्रतिकूलता र पूर्वाधारको अभावका बाबजुद नेपाली सेनाको हेलिकप्टर प्रयोग गरी निर्वाचन सामग्री र कर्मचारी पुऱ्याउने काम सुरु गरिएको हो । कर्णाली प्रदेशका हिमाली जिल्ला हुम्ला र डोल्पाका चार स्थानीय तहमा रहेका २७ मतदान स्थलमा शनिबारदेखि हेलिकप्टरमार्फत सामग्री ढुवानी र कर्मचारी परिचालन थालिएको छ ।

जिल्ला प्रशासन कार्यालयको निर्णय र मागका आधारमा नेपाली सेनाले निर्वाचनको जिम्मेवारी दुर्गम भूगोलसम्म पुऱ्याएको होायी मतदान स्थलहरू सडक सञ्जालबाट टाढा छन् । कतिपय स्थानमा हिँडेरै पुग्न पनि जोखिमपूर्ण अवस्था छ । पछिल्लो समय परेको बाक्लो हिउँले पैदल मार्गसमेत अवरुद्ध भएपछि निर्वाचन गराउने प्रशासनका लागि हेलिकप्टर नै एकमात्र विकल्प बनेको छ ।

डोल्पा जिल्लाको डोल्पोबुद्ध गाउँपालिकामा ६, छार्काताङसोङ गाउँपालिकामा ६ र शेफोक्सुण्डो गाउँपालिकामा ११ मतदान स्थल रहेका छन् । यस्तै हुम्लाको नाम्खा गाउँपालिकामा ४ मतदान स्थलमा हेलिकप्टर प्रयोग गर्ने निर्णय गरिएको हुम्लाका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले बताए ।

नाम्खा गाउँपालिकाका हिमशिखर आधारभूत विद्यालय तिल, हिमाल आधारभूत विद्यालय चाला, भृकुटी आधारभूत विद्यालय जाङ्ग र सुनखानी आधारभूत विद्यालय हल्जीमा रहेका मतदान स्थलमा हिउँ जमेकाले निर्वाचन सामग्री ढुवानी र कर्मचारी आवागमन अत्यन्त चुनौतीपूर्ण बनेको छ । 'पछिल्लो समय परेको हिउँले सडक पूर्ण रूपमा अवरुद्ध भएको छ,' प्रमुख जिल्ला अधिकारी रेग्मीले भने, 'मतदान रोक्नुभन्दा हेलिकप्टर प्रयोग गरेर भए पनि निर्वाचन गराउनु राज्यको दायित्व हो ।' डोल्पाका उच्च हिमाली बस्तीमा पनि अवस्था उस्तै छ । प्रमुख जिल्ला अधिकारी जुनु हमालका अनुसार दुर्गम भेगमा निर्वाचन गराउनु प्रशासनिक काम मात्र नभई भौगोलिक जोखिमसँग जुध्नुजस्तै हो ।

'जमेको हिउँ अझै नपग्लिएकाले कर्मचारी पुऱ्याउन र फर्काउन हेलिकप्टर अनिवार्य भएको छ,' उनले भनिन्, 'यहाँका २३ वटै मतदान स्थलमा कर्मचारी खटाउने र सामग्री पठाउने काम सुरु भइसकेको छ ।' छार्काताङसोङ गाउँपालिकाका ढाँडगाउँ, लुङ्गाबगर, छार्का, घेराङ्ग, कागकोट, मुकोट र पुङ्गाबगर मतदान स्थलमा पुग्न पैदल यात्रा समेत कठिन छ ।

त्यस्तै डोल्पोबुद्ध गाउँपालिकाका धो, कलाङ, ताक्सी, तिन्जे, पोल्दे र सिमेन तथा शेफोक्सुण्डो गाउँपालिकाका भिजेर, सालदाङ, कोमास, निसाल, कराङ, धुङदार, फोतगाउँ, कुगाउँ, साइजल, रिग्मो र पुग्मोमा रहेका मतदान स्थलमा पनि हेलिकप्टर प्रयोग गरिने भएको छायता डोल्पामा कुल २४ हजार एक सय १५ मतदाता छन् । जसमध्ये ११ हजार नौ सय २८ पुरुष र १२ हजार एक सय ८७ महिला मतदाता छन् ।

जिल्लामा ६८ मतदान स्थल र ६८ मतदान केन्द्र छन् । त्यसैगरी हुम्लामा ३४ हजार तीन सय ७२ मतदाता छन् । तीमध्ये १८ हजार २१ पुरुष र १६ हजार तीन सय ५१ महिला मतदाता छन् । हुम्लामा ६० मतदान स्थल र ६४ मतदान केन्द्र रहेका छन् । जहाँ राज्यका अन्य सेवा पुग्न कठिन छ, त्यहीँ चुनाव पुऱ्याउनु लोकतन्त्रको सबैभन्दा कठिन परीक्षा हो । कर्णालीका हिमाली गाउँमा हेलिकप्टरको आवाजसँगै पुगेका मतपेटिका र कर्मचारीले यही सन्देश बोकेका छन् । दुर्गम भए पनि नागरिकको मताधिकारबाट राज्य पछि हट्दैन ।

Bheriganga Municipality
Office of Municipal Executive
Chhinchu, Surkhet
Karnali Province, Nepal

## Invitation For Bids

**Date of Publication: 2082/11/17 (2026/03/01)**

Bheriganga Municipality, Office of Municipal Executive, Chhinchu, Surkhet invites Bid for eligible bidders for the following works:

| S.N. | Contract Identification Number | Description of Works | Bid Security Amount (NRs.) | Bid Validity Period | Estimated Amount Without VAT& including PS (NRs.) | Non-Refundable Fee for Bid Document Purchase (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BGM/IDB/ NCB/2082/083-29 | Shree Rastriya Aadharbhut Bidhyalaya Bhawan Nirman, Bheriganga-12 | 150,000.00 | 90 days | 5,317,780.49 | 3000 | NCB |

**Further Information to bidders:**

| | |
|---|---|
| **Last date and time of Submission of Bid** | 2082/10/18 (2026/04/01); upto 12:00Noon |
| **Date, Time and Place of Opening** | 2082/10/18 (2026/04/01); at 1:00 PM, At Bheriganga Municipality Office, Chhinchu, Surkhet |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. for Bid Document Purchase** | Krishi Bikash Bank, Chhinchu Branch, A/C No.: 0721001146037221 (mention purpose of deposit stating contract No. clearly) |
| **Account No. for Bid Security Deposit** | Krishi Bikash Bank, Chhinchu Branch, A/C No.: 0721001146037167 or Bank Guarantee issued by A class commerical Bank in the name of Bheriganga Municipality, Office of Municipal Executive, Chhinchu, Surkhet. (mention purpose of deposit stating contract No. clearly) |

1. Bidders shall submit their Bid electronically only, no any hard copy will be entertained. For e-bidding visit PPMO's e-procurement web portal http:/bolpatra.gov.np/egp and for other additional information please contact Bheriganga Municipality office, Chhinchu Surkhet, Contact No.: 083-540154.
2. If the Last Date of Submission and Opening falls on a Government Holiday then next working day shall be considered as the last day.
3. Other mandatory information as per PPA and PPR.
4. Work should be completed within running fiscal year.

**Chief Admistrative Officer**

# फेरि...

आर्थिक सहयोग वृद्धि गरेन, खालि छोटो समयको शान्ति मात्र स्थापना गऱ्यो ।

अबि अकदम अप्रिल २०१८ मा सत्तामा आएदेखि इथियोपियाको राजनीतिमा टिग्रे पिपुल्स लिबरेसन फ्रन्टको पकड समाप्त भयो । नोभेम्बर २०२० मा अहमदले टिग्रे फ्रन्टलाई थप कमजोर बनाउन सो पार्टीको क्षेत्रीय सरकार रहेको टिग्रे प्रदेशमा आक्रमण गरे । त्यस युद्धमा इरिट्रियाले टिग्रे पिपुल्स लिबरेसन फ्रन्टविरुद्ध अबीलाई समर्थन गऱ्यो । लाखौंको ज्यान गएको टिग्रे युद्धमा संलग्न सबै पक्षले युद्ध अपराध गरेको आरोप छ । तथापि, यसमा सबैभन्दा बढी अपराध इरिट्रियन सेनाले गरेको बताइँदै छ । सुडानमा चलिरहेको द्वन्द्वले पहिले नै तहसनहस पारेको अस्थिर 'हर्न अफ अफ्रिका'मा युद्धको नयाँ बादल मडारिँदा खतरा झन् बढ्नेछ ।

**अहिले किन बढ्दै छ तनाव ?**

सन् २०१८ मा इथियोपिया र इरिट्रियाबिच सन् २०१८ मा शान्ति सम्झौता भए पनि तनावका कारण सम्बोधन गरिन । सबैभन्दा ठुलो तनाव इथियोपियाको समुद्रसम्मको पहुँचलाई लिएर देखिन्छ । इरिट्रिया स्वतन्त्र भएदेखि विशाल जनसंख्या भएको इथियोपियाको लाल सागरमाथिको पहुँच काटिँदै सो मुलुक भूपरिवेष्ठित राष्ट्र बन्यो । क्षेत्रीय आर्थिक शक्ति भएकाले इथियोपिया जसरी पनि आफ्नो व्यापार बढाउन बन्दरगाहसम्मको पहुँच चाहन्छ । हालसम्म यसको समुद्रमा पहुँचजस्ता छिमेकीको सद्भावमा निर्भर छ ।

तर, पछिल्ला वर्षमा, विशेषगरी सन् २०२२ मा टिग्रे युद्ध अन्त्य भएदेखि, अबीले समुद्रमा पहुँचको विषयलाई निकै महत्त्व दिइरहेका छन् । उनले इरिट्रिया र सोमालील्यान्डमार्फत सम्भावित समुद्रसम्म पुग्ने प्रयासलाई तीव्रता दिएका छन् । अबीले इरिट्रियाको 'असाब बन्दरगाह'माथि इथियोपियाको ऐतिहासिक दाबी रहेको बताइरहेका छन् । यो बन्दरगाह इथियोपियाको सीमाबाट केवल ६० किलोमिटर मात्रै टाढा छ । वास्तवमा इरिट्रिया स्वतन्त्र भएदेखि नै धेरै इथियोपियालीहरूले समुद्रको पहुँच गुमाउनुलाई राष्ट्रिय त्रासदी मान्ने गरेका छन् । इथियोपियालाई समुद्रमा पहुँच दिने कूटनीतिक समाधानका लागि अबीको प्रयासले देशभित्र उनको समर्थन बढाएको छ । तर, इरिट्रिया भने असाब बन्दरगाहमाथि इथियोपियाको दाबीबाट चिडिएको छ ।

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय सुर्खेतको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/११/१७ गते)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय सुर्खेतबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ चैत ०२ गते सोमबार**का दिन शाखा कार्यालय सुर्खेतमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

| ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| १. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य बिभाग घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय सुर्खेतमा मिति २०७६/०६/१० मा प्रा.फ.र.नं. १०३५३/०७६/०७७ कायम भई दर्ता रहेको सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **शुभकामना सर्जिकल साइन्स हाउस ।** **प्रोप्राइटर - जानकी कुमारी शाही** | १. **जानकी कुमारी शाही**को नाममा मालपोत कार्यालय, सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, बयलकाडा गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. १५२४ को क्षे.फ. ११९.०० (व.मी.) घर/जग्गा सोको सम्पूर्ण लिगलगापात । |
| **व्यक्तिगत जमानीकर्ताहरूको विवरण** | |
| १. **ललित बहादुर शाही**<br>ना.प्र.नं.- ६९०२०५४/३४३<br>जारी मिति - २०६६/०३/०४<br>जि.प्र.का. अछाम<br>बाबु - गोर्ख बहादुर शाही<br>बाजे - जोरा सिं शाही<br>स्थायी ठेगाना- अछाम जिल्ला, लयाँटी गा.वि.स., वडा नं. ०२<br>हालको ठेगाना- सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा., वडा नं. ०३ | २. **जानकी कुमारी शाही**<br>ना.प्र.नं.- ६९-०१-६९-०१५५०<br>जारी मिति - २०६९/०३/२८<br>जि.प्र.का. अछाम<br>बाबु - सोम बहादुर शाही<br>बाजे - लछु शाही<br>स्थायी ठेगाना- अछाम जिल्ला, बारला गा.वि.स. वडा नं. ०८<br>हालको ठेगाना- सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं ०३ |

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ चैत ०१ गते** भित्र बैंकको शाखा कार्यालय सुर्खेतमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सुर्खेतबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ चैत ०२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय सुर्खेतमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय सुर्खेतमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८२ चैत ०२ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय सुर्खेत फोन नं. ०८३-५२१२५६**

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## ठेक्का स्वीकृतिको आशयको सूचना

**(सूचना प्रकाशन मिति: २०८२/११/१७)**

यस कार्यालयबाट २०८२/१०/०६ गतेका दिन प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका वोलपत्रहरुको बिभिन्न मितिमा बसेको वोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम तपसिलको वोलपत्र न्यूनतम मूल्यांकन सारभुत प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र. सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (मु. अ. कर तथा पि. एस. वाहेक) |
|---|---|---|---|---|
| 1 | NCB/BM/W/ 082/083/57 | Sankha Adhikari House to Duwali Hudai Thauri Conntecting Adhuro Road, Unique Masurikhet Tole Chilaune Taal to Paschim Hansa Thapako Ghar to Dakshin ra Thado Bato Panta Danda Road Upgrading Works & Bridhhaaasram Parkhal Nirman Karya (Prasanti Briddha Aasram | Samrachana Builders Birendranagar 3, Surkhet | 44,43,217.40 |

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal
Water Sector Governance and Infrastructure Support Project
## Sharada Project Implementation Unit
Sharada Municipality, Salyan.

## Letter of Intent (LOI)

**Date of publication: 1st March 2026**

Pursuant to ITB 39.1 this is to notify all the concerned bidders that we have intended to award the following contract to following bidder selected as substantially responsive lowest evaluated bid.

| SN | Contract ID | Description of Work | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount Including PS and VAT (NRs.) |
|---|---|---|---|---|
| 1. | NP-DWSSM-511279-CW-RFB | Construction of Thulapatal Nipane Water Supply in Sharada Municipality, Salyan | Global Construction and Water Treatment Pvt. Ltd Koteshwor-32, Kathmandu | 46,028,798.13 |

**Project Manager**

## डिजिटल प्रबिधिबाट निर्वाचन परिणाम सार्वजनिक गरिने




**युग संवाददाता**
**दाङ, १६ फागुन ।**
आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभाको निर्वाचनको परिणामलाई लुम्बिनी प्रदेश निर्वाचन कार्यालय दाङले डिजिटल प्रबिधिबाट सार्वजनिक गर्ने भएको छ। विगतमा स्पिकरको माध्यमबाट मतपरिणाम सार्वजनिक गर्ने गरिएको भएपनि यस बर्षदेखि डिस्प्ले बोर्ड राखेर मतपरिणाम सार्वजनिक गर्ने गरि तयारी गरेको प्रदेश निर्वाचन कार्यालय दाङका सूचना अधिकारी गेहेन्द्र कुँवरले बताए।

उनका अनुसार डिस्प्ले बोर्ड र वेभसाईड मार्फत सार्वजनिक गर्ने तयारी रहेकोछ। यसले गर्दा एकद्वार प्रणालीबाट नतिजा सार्वजनिक हुने र विश्वसनिय हुने सूचना अधिकारी कुँवरले बताए। कति लटमा सार्वजनिक गर्ने भन्ने खालको निर्णय गरेर सोही अनुसार दाङका तीन वटै निर्वाचन क्षेत्रको मतपरिणाम डिजिटल माध्यमबाट सार्वजनिक गर्ने तयारी रहेको छ। उनका अनुसार प्रदेश भरकै जिल्लाबाट तयारी गर्ने योजना समेत रहेकोछ। त्यो सम्भव नभएपनि दाङमा भने यो अभ्यास गर्ने उनले बताए।

## कोहलपुरमा...

हटाउनुपर्नेछ। तोकिएको समयभित्र तार नहटाए चैत २ गतेदेखि नगरपालिकाले त्यस्ता तार हटाउने कार्य आफैँ सुरु गर्नेछ। नगरपालिकाले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रयोगविहीन तार नहटाएमा नगरपालिका आफैँले हटाउने र त्यसबापत लाग्ने सम्पूर्ण खर्च सम्बन्धित पक्षबाटै असुलउपर गरिने स्पष्ट पारेको छ।

## हुम्लामा हिउँ पन्छाएर सडक सञ्चालनको प्रयास

**युग संवाददाता**
**हुम्ला, १६ फागुन ।**
गत माघ दोस्रो साता परेको हिमपातपछि अवरुद्ध बनेको हुम्लाको उत्तरी नाम्खा गाउँपालिका-५ हिल्सा सडक खण्ड र वडा-६ मा पर्ने न्यालु सडक खुलाउनका लागि काम सुरु भएको छ।

प्रतिनिधिसभा सदस्यको निर्वाचन आउन केही दिन बाँकी हुँदा मतादातालाई आवतजावतमा सहज बनाउनका लागि हिउँले बन्द भएका सडक खुलाउन सुरु गरिएको सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रकुमार चन्दले बताए। हिउँ जमेर सडक बन्द हुँदा सर्वसाधरणदेखि सवारी साधन बन्द हुँदै आएका थिए।

हिल्सा सडक खुलाउन हिल्सा सिमकोट सडक आयोजनाले स्काभेटर काममा लगाइसकेको सहायक प्रमुख जिल्ला अधिकारी चन्दको भनाइ छ। यस्तै वडा नम्बर ६ को लिमी गाउँ जाने सडक नाम्खा गाउँपालिका र पूर्वधार विकास कार्यालयले दुई वटा स्काभेटर परिचालन गरिसकेको लिमीका वडाध्यक्ष पाल्जोर तामाङले बताए।

## मतदानको दिन कस्ता सवारी साधन चलाउन पाइन्छ ?

**युग संवाददाता**
**काठमाण्डौं, १६ फागुन ।**
आउँदो बिहीबार हुन लागेको प्रतिनिधि सभा सदस्य निर्वाचन (मतदान)को दिन चलाउन सकिने सवारीसाधनबारे निर्वाचन आयोगले स्पष्ट पारेको छ।


आयोगले आज (शनिबार) विज्ञप्ती जारी गरेर मतदानको दिन दमकल, एम्बुलेन्स, शववाहन, खानेपानीका ट्याङकर, दुध, फलफूल, तरकारी, माछा, मासु, पेट्रोलियम पदार्थ बोकेका सवारी साधन लगायत सम्बन्धित प्रयोगकर्ताले मात्र प्रयोग गर्ने र असम्बन्धित यात्रु नबोक्ने सवारीसाधनलाई पास आवश्यक नपर्ने स्पष्ट पारेको छ।

आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को मतदानको दिन सवारीसाधन सञ्चालन सम्बन्धी व्यवस्थापनलाई प्रभावकारी, व्यवस्थित र अत्यावश्यक सेवामैत्री बनाउन सवारीसाधनको अनुमति सम्बन्धी कार्यविधि पारित गरेको छ। त्यही कार्यविधिलाई टेकेर आयोगले सवारीसाधन चलाउन दिने निर्णय गरेको हो।

## घुयँत्रो

एकुन्ताक अर्थात एमाल्या महाधिवेशन हुनेबेलाँ सामाजिक सन्जालाँ केपि वलिको फोटो देख्ने बित्तिकै त्यै फोटाँ आफ्नो फोटो जोडर वा कमेन्टाँ यत्रा अक्षराँ - "बा अथवा म बाको झोले" भन्ने लेखेर आँफुलाई गर्वका साथ आफ्नो इज्जत खुलेआम लिलाम बिक्री गर्ने एमाल्या कार्यकर्ताहरु चुनाब प्रचाराँ बाको नामै लिन्नत त हँ। अरु त के कुरा गर्नु चुनाब प्रचारका कार्यक्रम स्लाँ समेत ती तिन्टा कमिनिष्टकानेता सहित साईडमा बाको फोटो चिप्किने चलन यो चुनाबले नराम्ररी खाएछ। महाधिवेशन ताक बाले विधानै संसोधन गरेर फेरि एकलौटि अध्यक्ष हुने खेल खेलेछि अब साराथोक वलिनै हुन माननीय बन्नुछ भने वलिको अन्धोभक्त भएर लाग्नु पर्छ भन्ने एमालेहरुनि माननीयको टिकट पाएछि चुनाबि कार्यक्रमाँ खास बाको नामै लिन चाहन्नन। २३/२४ को आन्दोलनले चाहेको परिवर्तनको ठिक विपरित हिनेका वलिको सर्वत्र बिरोध भै रहेका कारण पनि एमालेका उमेदवारहर वलिको नामै लिन चाहन्नन। हुनत वलिलाई आफ्नै निर्वाचन क्षेत्र मुतको पैरोछ। सँधैभरि २/३ ठाँ सानातिना भेला गरेर चुनाब प्रचार गर्नु भनेर पैसोको भरियालाई चिनाईदेर लाग्या खर्च पर्च यै शीत माग्नु भनेर हेलिकप्टर चढेर सुईँईई कैलेको कालिकोट त कैलेको बाँके अनि कैलेको दाङ त कैलेको मोरङ अनि कैलेको जनकपुर र विरगन्ज पुगेर आफ्नो उमेदवारलाई जिताई दिनु भनेर दौडाहा लगाउने बालाई यो पटक रास्वपाको बालेन भन्ने जिनिसले कुम ठोक्न खोजे छि विचरा बालाई झापाको पाँचाँ बालेनसितै कुम ठोक्न ठिक्क भाछ। भष्टाचारीलाई कार्वाहि गर्छम्भन्दै हिँड्या बालेनसित चुनाब हारिन्छ कि भन्दा नि साँच्चिकै बालेनले चुनाब जित्योभने भष्टाचारीको खतवात लाएर जिन्दगीभर जेलाँ सडाई दिन्छकि भन्ने कुराले बालाई भित्रभित्रै खाईराछ त्यसैले नि यो पटक बाले झापा छोडेर हलचल कतै गर्याछैनन। ऐलेसम्म कुनै जिल्लाँ पुगेर भाषण गरे भन्नेनि सुन्निया छैन। बाको एकनासको झापाको बसाई हेर्दात कतै बालेनले बालाई २/४ बर्षै उठन नसक्ने गरि थेचार्छ कि क्या। त्यो ३२/३३ बर्षको बालेनको सारो हड्डिले बाको बुढो हड्डियाँ चुनाबि मुक्का हानेर थला पार्यो भनेत ती ८० पुग्न लाका बाको अँझ २० बर्ष देशखाने सपना कसरी पूरा होलात हँ। त्यसै त कार्यकर्ता र उमेदवारनि बाको पूजापाठ गर्नै छोडेर आफ्नै भक्ति गानले चुनाब जित्ने चक्कराँ लागेर बाको नाम लिनै छोडि सक्याछन। चुनाब जितेर गए भनेनि बाको नामै नलेर आँफै सर्वेसर्वा बन्न थाले भने बाको जिन्दगीयाँ न झोलेहरु रहने न आफू रहने होला जस्तोछ।जेनजी आन्दोलनाँ बाले गर्या कर्तुतविरुध्द जेनजीमात्रै उठेर सामान्य जनतानि उठ्या हुनाले बाको नाम लियोकि चुनाब हारिन्छकि भनेर विचरा उमेदवारहरु बाको साथसँगत विनै चुनाब लडन कस्सियाछन। त्यै भएर त होला पाटि अध्यक्षा फोटो समेत उमेदवारका छेउछाउमा छैनन्। रास्वपाका नेताहरको एकोहोरो दमन अनि झापालि जनताको एकोहोरो बाका विरुद्धका सवालका वर्षा! , अनि झापालि युवाहरुको बालेनप्रतिको आकर्षण र वलिप्रतिको मोह भङ्गले नि यो पटक बालाई हुन दिने छाँट छैन। त्यसैले नि बा आफ्नै कार्यकर्ता नि हेलाँको पात्र भाछन। तर पनि बा चाईँ २३/२४ को आँफुमाथि लागेको कलंकको टीका धुने पक्षमा छैनन। चुनाब हारे भने बाको जिन्दगी गुण्डुमै सिमित हुनेछ। उनका झोले र भक्तहरुको जिन्दगी कसरी चल्ने हो त्यो हेर्न त हाम्लेनि पर्खनै पर्छ हैन र ?







**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।